# आवेदनका लागि आह्वान

नेपाली समाजमा लैङ्गिक विभेद र यौन हिंसा महारोग जस्तै फैलिएको छ । यस्तो स्थितिबाट मधेसी समाज पनि अछुतो छैन, किनभने आम मधेसी महिला यसप्रकारका हिंसाबाट दिनहुँजसो प्रताडित भइरहेको कसैबाट छिपेको छैन । विशेषगरी मधेसी समाजभित्र पनि मधेसी दलित महिलाको अवस्था झनैं कहाली लाग्दो छ । मधेसी दलित महिला क्षेत्रीय रुपमा, भाषिक रुपमा, आर्थिक रुपमा र सांस्कृतिक रुपमा विभेदको मारमा पर्दैआएका छन् । उनीहरू लैङ्गिक विभेद, यौन हिंसा, जातीय उत्पीडन लगायतबाट निरन्तर सिकार हुँदै आइरहेका छन् ।

यसै सन्दर्भमा, **'लैङ्गिक हिंसा न्यूनीकरण र प्रजनन् स्वास्थ्य अधिकार प्रवर्द्धन'** गर्न दलित युवती, न्यायिक समिति र कानून कार्यान्वयन गर्ने निकायहरूसँगको सहकार्यमा दलित युवतीहरुको सहभागिता बढाउन प्रदेश नं.२ का प्रत्येक पालिकाबाट एक जना दलित युवती (१८-२५ वर्ष) छनौट गरी उनीहरुलाई विषयगत विज्ञहरूबाट तालिम दिइने भएकाले पौष २७ गतेभित्र इच्छुक दलित युवतीहरुले तल उल्लेखित विवरण भरी आवेदन दिन अनुरोध गरिन्छ ।

१. तपाईंको बारेमा छोटकरीमा लेख्नुहोस् ।
२. तपाईं यस कार्यक्रममा किन संलग्न हुन चाहनुहुन्छ ?
३. तपाई यसमा संलग्न भएपछि महिला हिसां न्यूनीकरण र प्रजनन् अधिकार प्रवर्द्धन गर्न के सहयोग पुऱ्याउन सक्नुहुन्छ ?

निवेदकको स्थायी ठेगाना:
नाम :
पालिका :
सम्पर्क नं.
इमेल :

**आवेदन पठाउनु पर्ने ठेगाना: info@samtafoundation.org**

**नोट: आवेदन फारम https://tinyurl.com/rgkg7ss अथवा google form- https://tinyurl.com/tqo4gya मा उपलब्ध छ ।**

॥ समता फाउण्डेशन ॥ SAMATA foundation

10 YEARS of intellectual endeavors for social justice